PRESS RELEASE

# नेपाल प्रहरी प्रधान कार्यालय
# मानव बेचबिखन अनुसन्धान ब्युरो
बबरमहल,काठमाण्डौ,

१-५३३९५६९
०१-५३४११७७

## प्रेस विज्ञप्ति-१५

मितिः- २०८०।०५।२२ गते।

## " अमेरीका पठाईदिने भनी मानब वेचबिखन गर्ने गीरोहका नाईके पक्राउ"

बिभिन्न प्रलोभन देखाई अमेरीका पठाईदिने भनी नेपाली नागरीकहरुलाई युएई(दुबई),थाईलैण्ड, फिलीपिन्स, जाम्बीया, सिँगापुर, हङकङ लगायतका देशहरुमा पुऱ्याई राहदानी,मोबाईल समेत जफत गरी ठुलो मात्रामा पैसा माग गर्ने, एजेन्टले भनेजति पैसा नदीएमा शारिरीक मानसीक यातना दिने, थप पैसा माग्ने, बिदेशमा रहेका एजेन्टहरुलाई बेचबिखन गर्ने,बुझाउने जस्ता क्रियाकलाप गरि नेपाली नागरीकहरुलाई अलपत्र पार्ने कार्यमा संलग्न व्यक्तीहरु मध्ये तपसील बमोजीमको अभियुक्तलाई निम्नानुसार मिति र स्थान देखी पक्राउ गरि मानव बेचबिखन,ओसारपसार तथा संगठीत अपराध मुद्दामा अनुसन्धान भईरहेको।

**निम्नः-**

- **पक्राउ अभियुक्तः-** तत्कालीन रुकुम जिल्ला स्यालापाखा गाविस वडानं ९ नाथीगाड,परिवर्तीत सिस्ने गा.पा. वडा नं ४ नाथीगाड,पुर्बी रुकुम जन्मस्थान भई हाल अमेरीकाको टेक्सासमा बसोबास गर्दै आएका अमेरीकन नागरीक बर्ष ५२ को मृदुल भन्ने हस्त गौतम (USA Passport 530647166)
- **पक्राउ मिती र स्थानः-** २०८०।०५।२० गते,रुपन्देहरी।
- **पक्राउ परेको प्रतिवादीको फोटोः-**



(हस्त गौतम)

Contact No:01-5339569, Hot Line:1177, Toll-Free:16600141177 Email:ahtb@nepalpolice.gov.np, www.ahtb.nepalpolice.gov.np

**खुल्न आएको कुराहरुः-**

- पक्राउ प्रतिवादी कमल तामाङ समेत भएको मानव बेचबिखन तथा ओसारपसार र संगठीत अपराधमा ५ वटा मुद्दा दर्ता भई उक्त कसुरमा संलग्न ३ जना अभियुक्तहरु पक्राउ परी अनुसन्धान कार्य भईरहेकोमा थप अनुसन्धान भईरहेकोमा बिशेष सुचनाको आधारमा फरार रहेका प्रमुख योजनाकार प्रतिवादी हस्त गौतमलाई रुपन्देहीको बेलहीयाबाट मिति २०८०।०५।२० गते पक्राउ गरीएको।
- निजले आफ्नो बेस मेक्सीकोमा बनाई आफ्ना बिश्वासीला ५ जना एजेन्टहरुलाई नेपाल, दुवई, सिँगापुर, फिलीपिन्स,थाईलैण्ड, श्रीलंका, कोलम्बीया, लेटीन अमेरीका लगायतका देशहरुमा परीचालन गरि अमेरीका पठाउने भनी ठुलो मात्रामा रकम लिने,बन्धक बनाउने,थप पैसा माग्दै जाने, शारिरीक मानसीक यातना दिने, अन्य व्यक्तीहरुलाई बेचबिखन गर्ने जस्ता कार्यहरु गर्ने गरेको।
- अमेरीका पठाईदिने भनी निज हस्त गौतम समेतको संलग्नता भएको मुद्दामा यस व्युरोमा ५ वटा मुद्दा दर्ता भएको, कुल ६ जना पिडीतहरु रहेको र २ जना पिडीतको उद्दार हुन बाँकी नै रहेको ,उद्दारको लागी सम्बन्धित निकायसंग आवस्यक समन्वय भईरहेको।
- पिडीतहरुबाट बिभिन्न मितिमा अमेरीका पठाईदिने भन्दै अन्य एजेन्टहरु समेतलाई परीचालन गरी रु.२ करोड भन्दा बढी पैसा लिईसकेको खुल्न आएको।
- निज हस्त गौतमले हाल सम्ममा २०० जना सम्म नेपाली नागरीकहरुलाई अमेरीका पठाईसकेको भनि निजले बताएको।
- १३ नेपालीहरुलाई अमेरीका पठाईदिने भनि बिभिन्न देशहरुमा पठाई अलपत्र पारेको बुझिन आएको।
- अमेरीका पठाईदिने भनि भिजीट भिसाको समेत चरम दुरुपयोग हुने गरेको।
- पक्राउ परेका हस्त गौतम उपर सम्मानित जिल्ला अदालतबाट दिन ७ (सात) म्याद लिई यस व्युरोबाट थप अनुसन्धान भईरहेको।

**सुचना अधिकारी**
(ज्ञान बहादुर बिष्ट)
प्रहरी नायव उपरीक्षक
सम्पर्क नं:-९८५१२८११७३